'श्यामचरन काका' कथामा स्थानीय रङ --

- विष्णुप्रसाद गजुरेल

लेखसार

कुनै एउटा निश्चित भूगोलको वातावरण, रहनसहन, बोलीचाली, वेशभूषा, जीवनचर्या, धर्म, संस्कृति, विश्वास, परम्परा नै स्थानीय रङ हो । यस लेखमा स्थानीय रङको सैद्धान्तिक परिचय दिइका साथै स्थानीय रङका विभिन्न आधारहरूमध्ये स्थानीय प्रकृति र भूगोल, पात्र र चरित्र, जीवन र पेसा, भाषिक प्रयोग, प्रशासनका काला कर्तुत जस्ता जम्मा पाँच आधारमा कथाबाट साक्ष्यहरू उद्धृत गरी कथाकार कपिल लामिछानेद्वारा रचित 'श्यामचरन काका' कथामा स्थानीय रङको अध्ययन गरिएको गरिएको छ । यहाँ गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । सामाजिक यथार्थवादी कथा भए तापनि यो कथा स्थानीय रङका दृष्टिले उत्कृष्ट कथा हो भन्ने निष्कर्ष निकालिएको छ ।

शब्दकुञ्जी : स्थानीय रङ, स्थानीय बासिन्दा, चालचलन, रीतिरिवाज, बोलीचाली, भेषभूषा, रहनसहन

१. विषयप्रवेश

लोकसाहित्य, बालसाहित्य, समालोचना, कथा, एकाङ्की र कविता जस्ता विधामा सशक्त रूपमा कलम चलाउँदै आएका लामिछानेले २०४२ सालमा 'मोहभङ्ग' कथा मिमिरे साहित्यिक पत्रिकामा प्रकाशित गराएर औपचारिक रूपमा कथायात्राको प्रारम्भ गरेका हुन् । उनका मरुभूमिका पीडाहरू (२०५५) र भीखपुर (२०६०) जस्ता कथासङ्ग्रहहरू प्रकाशित छन् । उनको 'श्यामचरन काका' कथा २०४६ सालको अविरलधारा जनमत पत्रिका र सोही वर्षको कार्तिक महिनामा गरिमा पत्रिकामा समेत प्रकाशित भएको देखिन्छ । प्रस्तुत कथा भीखपुर कथासङ्ग्रहको दोस्रो कथाको रूपमा सङ्गृहीत छ ।

यो कथा २०४६ सालमा नेपाल र भारत सरकार बीचको वाणिज्य सन्धि नहुदा भइ नेपालमा आपूर्ति व्यवस्थामा अवरोध भएको वा भारतले नेपालमाथि लगाएको नाकाबन्दीका कारण नेपाली जनताले भोग्नु परेका सास्ती, सीमा क्षेत्रमा हुने गरेका चोरी तस्करी, स्थानीय प्रशासनका काला कर्तुत र सर्वसाधारण जनताले भोग्नु परेका पीडालाई अभिव्यक्त गरिएको कथा हो । लामिछानेले २०४६ सालतिर भैरहवा क्षेत्रलाई कर्मथलो बनाई बसेका हुँदा उनका कथामा उक्त स्थानका खेत, खलिहान, रीतिरिवाज, चालचलन, भेषभूषा, बोलीचाली अर्थात् यहाँको स्थानीय रङलाई आत्मसात् गरी कथा लेखिनु स्वाभाविक देखिन्छ ।

२. समस्याकथन

'श्यामचरन काका' कथा नेपालको तराई क्षेत्रको नेपाल र भारतको सीमाना नजिकैको कुनै एउटा गाउँको किसानहरूले खेती गर्दा भोग्नु परेका समस्या, २०४६ सालतिर भारतले नेपालमाथि लगाएको नाकाबन्दी, त्यसको प्रत्यक्ष असर, हिजोसम्मको अवैध आयात, प्रशासनको मिलेमतो र कालोबजारी चित्रित गरिएको कथा हो । सामाजिक यथार्थवादी दृष्टिकोणमा आधारित भएर लेखिएको यस कथालाई विभिन्न दृष्टिकोणबाट अध्ययन विश्लेषण गरिएको भए तापनि स्थानीय रङका दृष्टिकोणबाट यसको अध्ययन भएको देखिँदैन । त्यसैले स्थानीय रङका दृष्टिकोणबाट यो कथा केकस्तो छ भन्ने मुख्य समस्यामा केन्द्रित रहेर अध्ययन गरिएको छ । यो नै यसको समस्या हो ।

३. अध्ययनको उद्देश्य

अध्ययनको समस्यामा उल्लेख भएको शोध प्रश्नमा केन्द्रित रहेर 'श्यामचरन काका' कथाका स्थानीय रङको निरुपण गर्नु नै यस अनुसन्धानात्मक लेखको मुख्य उद्देश्य रहेको छ ।

४. सामग्री सङ्कलन र अध्ययन विधि

'श्यामचरन काका' कथामा स्थानीय रङको प्रयोगको अध्ययनका लागि सामग्री सङ्कलन र विश्लेषण विधिको निश्चित परिसीमामा अवलम्बन गरिएको छ । सैद्धान्तिक तथा अनुसन्धेय विषयका लागि पुस्तकालय अध्ययनबाट सामग्री सङ्कलन गरेर विश्लेषणात्मक विधिबाट कृतिको विश्लेषण गरिएको छ ।

५. सैद्धान्तिक आधार

अङ्ग्रेजी साहित्यमा प्रचलित 'लोकल कलर' को समानार्थी शब्दको रूपमा स्थानीय रङ प्रयुक्त छ । स्थानीय रङ भन्नाले कुनै एउटा निश्चित भूगोलको प्राकृतिक सौन्दर्यता, त्यहाँका बासिन्दाका चालचलन, रीतिरिवाज, बोलीचाली, भेषभूषा, रहनसहन आदिलाई जनाउँछ । साहित्यको अभिव्यक्तिको माध्यम भाषा हो ।

स्थानीय रङको प्रयोगले साहित्यिक कृतिलाई स्वाभाविक, विश्वसनीय र जीवन्त बनाउँछ । आञ्चलिकताको सैद्धान्तिक मान्यता स्थापित हुनुभन्दा अगाडि नै आञ्चलिक साहित्यको लेखन बेलायतबाट भएको हो भने यसको सैद्धान्तिक प्रतिस्थापन अमेरिकाबाट भएको हो । बेलायती लेखक ओलिभर गोल्डस्मिथको द डिजर्टेड भिलेज (इ. १७७०) सबैभन्दा जेठो आञ्चलिक कृति मानिन्छ (सुवेदी, २०७०:१२) ।

परम्परित साहित्यमा प्रचलित देश, काल र वातावरण वा परिवेश नै स्थानीय रङ हो । कथामा वातावरणको ठूलो महत्त्व छ । वातावरण अन्तर्गत बाह्य जगत्का सामाजिक, आर्थिक र जैविक परिवेश वा कुनै निश्चित भूगोलका स्थानीय रङ र आन्तरिक परिवेश अन्तर्गत साहित्यिक कृति अध्ययन गर्ने क्रममा भावकका मनमा परेको प्रभावलाई जनाउँछ ।

हड्सनका शब्दमा देशकालको अर्थ कार्यव्यापारको समय र ठाउँ हो । उनका अनुसार यस शब्दभित्र आख्यानको समस्त पर्यावरण समाविष्ट छ । समस्त पर्यावरण अन्तर्गत रीतिरिवाज, प्रथा, व्यवहार, जीवन, रहनसहनका साथै प्राकृतिक पृष्ठभूमि र वातावरण पनि पर्छ (शर्मा, २०६३:१९६) । यसरी साहित्यिक विधामा पात्र वा परिवेशले कार्यव्यापार गर्ने स्थान र समय नै देशकाल हो, यसैभित्र समस्त पर्यावरण समाविष्ट हुन्छ भनिएको छ ।

त्यसैगरी मोहनराज शर्माले कथामा स्थान वा अञ्चल विशेषको भौगोलिक, रीतिरिवाज, पहिरन, बोली र अनुभव गर्ने तरिकाको विस्तृत प्रस्तुतिलाई स्थानीय रङ हो भनी परिभाषित गरेका छन् (शर्मा, २०६३:१९६) । अर्थात् यसमा त्यस्ता साहित्यिक कृतिलाई आञ्चलिक भनिन्छ ।

स्थानीय रङले बाह्य सौन्दर्यप्रति सीमित हुन्छ र वातावरण चाहिँ आन्तरिक सौन्दर्यप्रति केन्द्रित हुन्छ । स्थानीय रङ पाठकको चक्षुसँग र वातावरणचाहिँ पाठकको मनसँग सम्बन्धित हुन्छ । कथामा वातावरणको बाह्य पक्षभन्दा आन्तरिक पक्षको विशिष्ट महत्त्व हुन्छ, तर पनि बाह्य र आन्तरिक पक्षको सन्तुलित र समन्वित रूप हुनु कथाका लागि स्वागतयोग्य हुन्छ (थापा, २०६६:१६२) । यहाँ स्थानीय रङले बाह्य जगत्मा देखिने प्राकृतिक सौन्दर्य, भौगोलिक विशेषता, मानिसहरूका चालचलन आदिलाई सङ्केत गर्दछ भने वातावरणले चाहिँ पाठका मानसिक संवेदनहरू जस्तो आँसु, हाँसो आदिसँग सम्बन्धित हुन्छ । यी

विभिन्न स्थानको विशिष्टता प्रदर्शन गर्ने भाषिक, रीतिरिवाज, वेशभूषा, जीवनस्तर, सोचाइका दिशा तथा अनुभवको विशिष्टीकरण नै स्थानीय रङ हो । यस्तो स्थितिमा सामान्य मानवीय लक्षणका आधारमा नभएर चारित्रिकताका आधारमा चरित्रचित्रण र समस्याको प्रस्तुतीकरण गरिएको हुन्छ । कार्यपीठिका पनि अनिने देशकाल निकै प्रादेशिक भएर आएको हुँदा स्थानीय रङमा भौगोलिक उपस्थिति, स्थानहरूको विवरण, धार्मिक, सामाजिक तथा संवेगात्मक वातावरण, मानिसका पेसा, व्यवसाय तथा दैनिक व्यवहार, सांस्कृतिक वा परम्परागत चाडपर्व, निश्चित जाति, क्षेत्र वा समूह आदि पर्दछन् (बराल र एटम, २०६६:१४) ।

कुनै क्षेत्रविशेषका जीवनचर्या, बोलीभाषा, रीतिरिवाज, वेशभूषा, जीवनस्तर, सोचाइ, मनोविज्ञान, अनुभव, आदिको विशिष्टीकृत रूप नै स्थानीय रङ हो । यिनै स्थानीय रङले कृति आञ्चलिक हुने गर्दछ (पाण्डेय, सन् २०१७: ७४) ।

निश्चित स्थानको चालचलन, भाषा, पोसाक, आचरण, खानपान, सुन्दर, प्रकृति, वनोपज, खेतीपाती, पशुपालन, मूल्यमान्यता, पेसाव्यवसाय, व्यापार, लोकविश्वास, लोकव्यवहार र संस्कृति आदि स्थानीय रङका उपकरण हुन् (लामिछाने, २०७२:८) ।

परम्परागत साहित्यमा स्थानीय रङलाई देश, काल, वातावरण वा परिवेश भनिन्छ भने स्थानविशेषलाई प्राथमिकता दिनुलाई आञ्चलिकता भनिन्थ्यो । नवीन साहित्यालोचन पद्धतिमा स्थानविशेषको भौगोलिकता साथै सामाजिक सांस्कृतिक परिवेश वा पर्यावरण सघन रूपमा अभिव्यक्त वा प्रतिबिम्बित हुनुलाई स्थानीय रङ भनिन्छ (लामिछाने, २०७२:८) । साहित्यका प्रमुख चार विधामध्ये कथा पनि एक हो । कथामा स्थानीय रङको प्रयोग गरिनु आफैँमा कठिन कार्य हो । यद्यपि कुनै निश्चित भूभागमा बस्ने मानिसहरूको चालचलन, बोलीचाली, क्रियाकलाप, लोकव्यवहार, लोकविश्वास, लोकसंस्कृति आदिले कथालाई जीवन्त बनाउन सहयोग गर्दछ ।

नेपाली साहित्यमा शङ्कर कोइरालाको **खैरेनीघाट**, ड.ब. गोतामेको **घामका पाइलाहरू**, रमेश विकलको **अविरल बग्दछ इन्द्रावती**, ध्रुवचन्द्र गौतमको **अलिखित**, नयनराज पाण्डेको **उलार**, बुद्धिसागरको **कर्णाली ब्लुज**, राजन मुकारुङको **दमिनी भीर** आदि स्थानीय रङका प्रयोग भएका चर्चित उपन्यासहरू हुन् । स्थानीय रङ कुनै निश्चित भूगोलमाथि उभिन्छ यसमा स्थानविशेषको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक अवस्थाको चित्रण गरिनुका साथै लोकसंस्कृति, लोकविश्वास, चालचलन र रूढि समाहित हुन्छ ।

स्थानीय रङले कुनै ठाउँको वस्तुस्थिति देखाउनुका साथै उक्त स्थानको समस्या पहिचान गर्न मदत पुऱ्याउँछ, त्यहाँको रीतिरिवाज, संस्कार र परिवेशलाई चिनाउँछ ।

६. 'श्यामवस्त्र काका' कथामा स्थानीय प्रकृति र भूगोल

प्रस्तुत विवेच्य कथामा प्रयुक्त चरित्रहरू श्यामवस्त्र चौधरी, रामकिसन, शिवपूजन, फागुनि, जीतबहादुर, रामाथे, वाल्मिकिसन यादव र घनश्याम बाहेक आदिले कार्यव्यापार गर्ने स्थान तराईको कुनै एउटा गाउँ, भैरहवा भन्सार कार्यालय, सुनौली र नौतनवा हो । यहाँ सोही ठाउँको चालचलनलाई देखाउन खोजिएको छ । कथाकार यहीँ स्थानको स्थानीय बासिन्दा भएको हुँदा यस स्थानका गतिविधि र क्रियाकलाप त्यसको चित्रण हुनु स्वाभाविक हो । सङ्क्रमणकालीन शासन व्यवस्थामा जनताले पाएका सास्ती, स्थानीय, व्यापारी र कर्मचारीका मिलेमतोमा हुने गरेका भ्रष्टाचारजन्य क्रियाकलापलाई उद्घाटन गर्नका लागि माथि उल्लिखित स्थानको चित्रण गरिएको देखिन्छ । यसको पुस्ट्याइँका लागि तलका साक्ष्यहरूलाई अघि सार्न सकिन्छ ।

साक्ष्य - १ भोलिपल्ट साँझमा म सीमाक्षेत्रतिर घुम्न निस्कें। गर्मी उग्र थियो। सूर्य डुब्न लागेको भए पनि तातो हावा कायमै थियो।...ठूला व्यापारी समेत त्यस कार्यमा सामेल सामेल छन् भन्ने श्यामचरणको भनाइमा सत्यता कति थियो सो बुझ्ने दृष्टिले लागिएर म भैरहवा भन्सार कार्यालयतिर पुगें। अनि बिस्तारै पूर्वतिर लागें। ठाउँठाउँ डिजेलको गन्ध आइरहेको थियो। ठाउँठाउँमा ट्याङ्कर ठिङ्ग उभिएका थिए (ओकल्दु पृ. १०)।

यहाँ भैरहवा भन्सार कार्यालय अर्थात् सीमाक्षेत्र वरपरका वातावरणको चित्रण गरिएको छ। सूर्य डुब्न लाग्दा पनि तातो हावा कायमै थियो भन्ने उल्लेख गरिएको हुँदा वैशाख जेठ महिनाको उखरमाउलो गर्मीको आभास हुन्छ। सीमाक्षेत्रमा कति र पारि जानका लागि लालायित भएर ट्याङ्करको लाइन लागेको कुरा उल्लेख गरिएको हुँदा भैरहवा नाका क्षेत्रको चित्रण गरिएको स्पष्ट हुन्छ।

साहित्यिक विधामा जुन स्थानको वास्तविकतालाई उद्घाटन गर्न खोजिएको हो सो स्थानको वर्णन, परिचय र त्यहाँको विशेषताको बारेमा चर्चा गर्दा स्थानीय दृश्य उपस्थित हुन्छ। यसले स्थान विशेषको पहिचान देखाउँछ। यहाँ पम्पिङसेट, पानी तान्ने मेसिन, खेतमा कर्के खनीमा पानी सिँची गरेका दृश्य, कार्इसको दुर्गन्धित ग्यासिन भरुवाएर ढिडेका दृश्य आदिले तराई क्षेत्रको कुनै एउटा स्थान विशेषको चित्रण गरिएको प्रष्ट हुन्छ।

७. 'श्यामचरन काका' कथामा स्थानीय पात्र र चरित्र

व्यक्तिको नाम आफ्नो भाषा, संस्कृति, जात र स्थानीय परम्परा अनुसार राखिन्छ। यहाँ श्यामचरण चौधरी, रामकिसन, शिवपूजन, रामाधे, बालकिसन यादव र भवरपाय यस्ता नामले स्थानीय विशेषतालाई झल्काएको देखिन्छ। माथि उल्लेखित श्यामचरण, रामकिसन, शिवपूजन, रामाधे, बालकिसन आदि भैरहवा क्षेत्रका मूल बासिन्दाका परम्परागत नाम हुन्।

कथामा कार्यव्यापार गर्ने व्यक्तिलाई पात्र भनिन्छ भने ती पात्रहरूको गुण दोष देखाउने काम चरित्र हो। यस कथामा पात्रका नामबाट मात्र होइन तिनको चरित्रले पनि स्थानीयता झल्काएका छन्। यस कथामा मास्टरबाबु र श्यामचरण काका प्रमुख पात्र हुन् भने अन्य पात्रहरू गौण पात्र हुन्। ती पात्रहरूको नाम मात्र उल्लेख गरिएको छ। तिनले कुनै कार्यव्यापार गरेका छैनन्। यहाँ प्रमुख पात्रहरूको विशेषता देखाउने जमर्को गरिएको छ।

श्यामचरण चौधरी तराईको कुनै एउटा गाउँको किसान हो। आफ्नो पाँच कठ्ठा खेतबाट परिवार पाल्न सम्भव नभएकोले अरूको चारपाँच बिघा खेत अधियाँमा कमाउँथ्यो। खेतमा सिँचाइको सुविधा नहुँदा चैत वैशाखमा पम्पसेटको भर पर्नु पर्थ्यो र पम्पसेट चलाउन डिजेलको आवश्यकता पर्थ्यो। जेनतेन पम्पसेटको जोहो गर्न गाह्रो थियो। पम्पसेटको व्यवस्था गर्‍यो डिजेलको हाहाकार थियो। घण्टौं लाइनमा बसेर पनि पाइँदैन थियो। यता खेतमा मकैका बिरुवा सुक्न लागिसकेका थिए। मर्नुभन्दा बहुलाउनु बेस भनेझैं उसले सीमा पारीबाट महङ्गो मूल्यमा डिजेल ल्याएर खेतमा पम्पसेटको माध्यमले सिँचाइ गर्न थाल्यो। उसले सीमापारबाट डिजेल ल्याउँदा ल्याउँदै अवैध ढङ्गले कारोबार गर्न थाल्यो। विद्रोही स्वभावको श्यामचरण अवैध रूपमा डिजेल ल्याउँदा पुलिसले अवरोध गरे कुट्ने कुरा गर्दछ। एक दिन उसको भन्सार कार्यालय अगाडि तिर रहस्यमय मृत्यु हुन्छ।

साक्ष्य - १ ऊ जमिन भएका तर जमिन नभएका जमिनेको चारपाँच बिघा खेत अधियाँमा कमाउँथ्यो। आफ्नो भन्नु पाँच कठ्ठा मात्र थियो। त्यतिले परिवार पाल्न सम्भव थिएन। अधियाँ गर्नैपर्थ्यो। सिँचाइको सुविधा थिएन (ओकल्दु पृ. ८)।

साक्ष्य - २ उसले बिस्तारै भन्यो, "मतलब के भने नि, मास्टर बाबु ! सुनौलीमा उताबाट डिजल, पेट्रोल ओसारिएको छ । अलिकति भाउ बढेको छ त्यो बेच्ने कुरा हो । त्यसलाई बीस भरियाँ भित्र ल्याएँ ।" (भोकपुङ पृ. ७) ।

साक्ष्य - ३ ...म नौतनवा गएको थिएँ, पेट्रोल ओसार्न । आजभोलि नाफाको धन्दा भयो । दिनको चारसय कमाउनु खासो कुरा हो ? अफिसका हाकिमले पनि त्यति कमाउन्न होला (भोकपुङ पृ. ७) ।

हालमुख जोत्नका लागि खेती किसानी गर्नु, केही नयाँ कुरा थाहा पाएको छ र केही सिकाका छ भने त पाठ वा मास्टर बाबुलाई भेट्नु, खेतमा सिंचाइ गर्नका लागि पम्पसेटको जोहो गर्नु, डिजलको जोहो गर्न दौडधुप गर्नु, आफ्नो देशमा नपाएपछि सीमापारबाट ल्याएर सिंचाइ गर्नु, त्यसो गर्दा गर्दै दुईचार पैसा कमाउने लोभमा डिजेलको अवैध कारोबार गर्नु जस्ता घटनाक्रम हेर्दा श्यामचरनले तराई मुलको आम किसानको प्रतिनिधित्व गरेको छ ।

यस कथामा म पात्रका रूपमा प्रयुक्त मास्टर बाबु श्यामचरन काकाका छिमेकी हुन् । उनी एक शिक्षित, सचेत, राष्ट्रप्रेमी व्यक्ति हुन् । उनले श्यामचरन काकालाई आज्ञाकारी हुन, अवैध क्रियाकलापमा संलग्न नहुन र सुरक्षाकर्मीबाट हातमा नपर्न सुझाएका छन् ।

साक्ष्य - ४ "यस्तै चिन्ता गर्नुहुन्छ, श्यामचरन काका । जसोतसो काम चलाउनुहोस् । सरकार सरोकारवाला छ । गर्नेकार गर्छ ।" (भोकपुङ पृ. ६-७) ।

साक्ष्य - ५ एकछिन सोचेँ र भनेँ "कस्तो धन्दा गर्नु ? ... जे होस्, श्यामचरन काका, तपाईंले त्यस्तो डिजेल ल्याएर कालो धन्दालाई बढावा दिनु कदापि हुँदैन । त्यस्ता धन्दा त राष्ट्रहित विपरीत हुन्छन्" (भोकपुङ पृ. ७) ।

साक्ष्य - ६ मैले सम्झाउने कुरामा र चेतावनी दिने पारामा भनेँ "काका, चोरको चाहिँ स्वर बनेको नहीं हो । एक त तराई नगाको काम गर्दै हुनुहुन्छ । त्यसमा पुलिसलाई कुटपिट गर्ने कुरा गर्नुहुन्छ । कुट्ने काम त पुलिसको पो हो । यनै हो भने त नहुन सकिन है ! हजुर घस्टिदिनुहोला ! जातेमा सरैनाई नहीं भाँसेदिनु होला" (भोकपुङ पृ.७) ।

यसरी माथिका उदाहरणहरूबाट तराई क्षेत्रको सीमा क्षेत्रमा बसोबास गर्ने श्यामचरन जस्ता आम किसानहरू रोजीरोटीको जोहो गर्न निरन्तर मिहिनेत गर्दा गर्दै बाध्य भएर अवैध तरिकाले डिजेल-पेट्रोलको कारोबार गर्दछन् भने मास्टर बाबु जस्ता सचेत मानिसहरूले तिनलाई त्यस्ता क्रियाकलापबाट देशद्रोही कार्य भएकाले संलग्न नहुन सम्झाइरहेको देखिन्छ ।

८. 'श्यामचरन काका' कथामा स्थानीय जीवन र पेसा

'श्यामचरन काका' कथामा वर्णित घटनाहरू भैरहवा क्षेत्रको कुनै गाउँको सेरोफेरोमा केन्द्रित छ । ग्रामीण जनताहरूको मुख्य पेसा भनेको कृषि नै हो । यहाँ पनि खेती किसानीको चित्रण गरिएको छ । कथा समय चैत वैशाखको हो । यो समयमा मकै रोपिन्छ । मकैका बिरुवा हुर्काउनका लागि सिंचाइको व्यवस्था गरिन्छ । यहाँ सिंचाइको व्यवस्था गर्नको लागि पम्पसेटको जोहो गर्ने र पम्पसेट चलाउनका लागि डिजेल पेट्रोलको व्यवस्था गर्न श्यामचरनजस्ता कृषकलाई धेरै दौडधुप गर्नु परेको छ । कल्ल तल्ल पम्पसेट र डिजेलको व्यवस्था भएपछि उसले खेतमा सिंचाइ गर्दै छ । उसले सिंचाइ गर्न पाइँदा आफ्ना सम्पूर्ण दुःख बिर्सिएर दङ छ ।

साक्ष - १ सिंचाइको सुविधा थिएन । कि भने आकाशको भर पर्नुपर्थ्यो कि भने पम्पिङसेटको । चैत-वैशाखमा केको आकाशको भर ? भरखर मकै लगाएको थियो र पम्पिङसेटले पानी लगेर लखमाई बचाउनु र बढाउनुपर्थ्यो । एकदिन ऊ कैंठी खिन्न र उग्र रूपमा मकहाँ पुग्यो र भन्यो, "मास्टरबाबु, पम्पिङसेट के पानीबाट बचाउँ !" (बोकपुड पृ.६) ।

साक्ष - २ ...परन्तु नमेटेर खेतमा पुगें । मन अनिकति हलुङो भयो । कारण के थियो भने ऊ पम्पिङसेटका छेउमा थिया परेका दाँत हिस्याएर उभिएको थियो र पानी छहरा भएर छहछहाइरहेको थियो अनि मकैका जरामा भिजी थियो (बोकपुड पृ.७) ।

यसरी यहाँ किसानले खेतीपाती गर्दा भोग्नुपर्ने दुःख कष्ट र समस्यालाई चित्रण गरिएको छ । यसका अतिरिक्त यस कथाका प्रमुख श्यामचरन काका, रामकिसन, शिवपूजन, रामवचे, बालकिसन यादव र घमलाल बरई आदि पात्रले सीमा परिवार अवैध रूपमा डिजेल पेट्रोलको आयात गर्ने पैसा कमाउने पेसा गरेका छन् । यस्ता कार्यका लागि स्थानीय प्रशासन, पुलिस र व्यापारीको पनि मिलेमतो देखिन्छ । यसरी यहाँ तराईको सीमा क्षेत्रका मानिसहरूका जीवनचर्या देखाइएको छ ।

४. 'श्यामचरन काका' कथामा भाषिक प्रयोग

साहित्यमा अभिव्यक्तिको माध्यम भाषा हो । साहित्यको भाषा सरल, सहज, बोधगम्य, स्वाभाविक र प्रभावकारी हुनु वाञ्छनीय हुन्छ । यस कथामा पनि सरल र सहज भाषाको प्रयोग गरिएको छ । तराई क्षेत्रको अझ सीमा क्षेत्रका जनजीवनलाई चित्रण गर्नका लागि कथाकारले त्यस्तै किसिमका भाषाको प्रयोग गरेका छन् ।

साक्ष - १ एकदिन ऊ कैंठी खिन्न र उग्र रूपमा मकहाँ पुग्यो र भन्यो, "मास्टरबाबु, पम्पिङसेट के पानीबाट बचाऊँ !"

"के कुरा गरेको काका त्यस्तो ?" जिज्ञासा गरेर मैले सोधेँ ।

"औरे के त ! यहाँ मर्दै भरखर उम्रेको, उनमै मुश्किलले लाग्यो । फलस्वरूप पम्पिङसेट खोजें । डिजेल छैन । कुनन निर नाममा मात्रदाम्झा हैगम, सरोकार नै नगर्ने सरकार पनि के सरकार !"

ऊ दुःखी भएर भन्यो (बोकपुड पृ.६) ।

संवादात्मक शैलीमा अगाडि बढेको यस कथामा तराई क्षेत्रमा बोलिने शब्दको प्रयोग गरिएको छ । त्यस्तै कथामा मुसहित (पृ. ७), गेट (पृ. ८), क्वारिएर (पृ. ८), प्वाईन्ट (पृ. ८), साईकिल (पृ. ८), लिटर (पृ. ८), देहात (पृ. ८), प्रेस (पृ. ९), पत्रपत्रिका (पृ. ९), कलिन्दा (पृ. ९), हाकिम (पृ. ९), बोडर (पृ. १०), हिम्मत (पृ. १०), किलोमिटर (पृ. १०), अवैध (पृ. १०) जस्ता आगन्तुक शब्द, बन्दिज (पृ. ८), पारवहन (पृ. ८), सन्धि (पृ. ८), सीघ्र (पृ. ८), उजाला (पृ. ८), कार्यालय (पृ. ९) जस्ता तत्सम शब्दको प्रयोग गरिएको छ ।

त्यसै कथालाई प्रभावकारी बनाउनका लागि 'मनुभन्दा बढाउनु सिकी' (पृ. ७) जस्ता उखान, 'कुराको त्यसो' (पृ. ९) जस्ता टुक्का, 'क्वारक्वारीत' र 'थिच्य' (पृ.१०) जस्ता अनुकरणात्मक शब्दको प्रयोग पनि गरिएको छ । कतिपय ठाउँमा हिन्दी भाषाका वाक्यका सीसंकलन पनि समावेश गरिएको छ जस्तो 'भारत-नेपाल की सन्धि टुटने के बाद भी तस्करी मे वाडी' (पृ. ९), 'तस्करी मे तेजी' (पृ. ९) ।

यसरी नेपालको सीमा क्षेत्रको जनजीवनलाई देखाउने क्रममा त्यहाँका मानिसहरूले प्रयोग गर्ने भाषालाई यस कथामा प्रयोग गरिएको देखिन्छ । यस कथामा मास्टर बाबुले बोलेको भाषा परिष्कृत, परिमार्जित र राष्ट्रियताको पक्षमा गरेको छ । प्रथम र तृतीय पुरुष कथनपद्धतिमा आबद्ध यस कथामा संवादात्मक शैली रहेको छ ।

१०. 'श्यामचरन काका' कथामा स्थानीय प्रशासनका कर्तुत

प्रतिनिधि कथाकार लामिछानेले आफ्ना रचनाहरूमा समाजमा हुने गरेका भ्रष्टाचार, अन्याय, अत्याचार, शोषण र दमनलाई बडो यथार्थपरक ढङ्गमा चित्रण गरेका छन् । यस कथामा पनि पञ्चायती शासनको अन्त्य र बहुदल आउनुभन्दा पूर्व वा २०४५ सालमा भारतले नेपालमाथि नाकाबन्दी लगाएको अवस्थामा सीमा क्षेत्रमा हुने गरेका चोरी तस्करीका घटना र त्यसमा संलग्न स्थानीय बासिन्दा, व्यापारी, राष्ट्रसेवक कर्मचारी, प्रहरी प्रशासनप्रति तीखो व्यङ्ग्य प्रहार गरेका छन् । यसलाई कथामा यसरी प्रस्तुत गरिएको छ -

साक्ष्य - १ अनि उसले कानमा आएर खासखुसे स्वरमा भन्यो, "त्यो छ नि साहे ! ठेकै पारो रे ! उताबाट कन्ट्याक्ट गरेको छ रे ! उताबाट चोहर कटाइदिने र उसले पता बेच्ने, बजारातीमा । त्यसमित अरू चारपाँचजना पनि मिलेका छन् रे । प्रशासनले नै अराएको रे नी । त्यसो भए होला ? अवरोध अरूले ल्याउन नपाउने रे ! आजै पुलिसले समातेर ढाली लाजेको .. (श्रोतकृष्ठ पृ.६) ।

राष्ट्रसेवक कर्मचारी र सुरक्षाकर्मीहरू नै त्यस्ता देशद्रोही क्रियाकलापमा संलग्न हुनु, दुईधार पैसामा बिक्नु, नैतिक बिनाउनु जस्ता क्रियाकलाप सीमाक्षेत्रका यथार्थ घटना हुन् ।

११. निष्कर्ष

कथामा स्थान विशेषको भूगोल, प्रकृति, चालचलन, पात्रको नामकरण, भाषा, जीवनशैली आदिको चित्रण गरिनु स्थानीय रङ हो । परम्परित साहित्य सिद्धान्तमा यसलाई देश, काल, वातावरण, परिवेश, अर्थात् आञ्चलिकता आदि जस्ता नामले चिनिए पनि स्थानीय रङ कथा सिद्धान्तको नवीन प्रयोग हो । प्रस्तुत कथामा भौगोलिक परिवेशका रूपमा भैरहवा भन्सार कार्यालय, सुनौली, नौतनवाँ, कृष्णनगर, मर्चवार, परासी आदि क्षेत्रको चर्चा गरिएको छ । सुर्ती लगाउनु, ओढ्नामा खेती कमाउनु, पम्पिङसेटको मद्दतले खेतमा सिंचाइ गर्नु, साइकलमा डिजेल लगायतका सामानहरू ओसार पसार गर्नु, नर्नु, प्रचण्ड गर्मी हुनु आदि जस्ता कुरा माथि उल्लेखित स्थानका विशेषता हुन् । विषय कथा सामयिक परिवेशको दृष्टिले हेर्दा नेपाल-भारत वाणिज्य तथा पारवहन सन्धि समाप्त भएको र त्यसको नवीकरण नभएको समय अर्थात् २०४५ सालतिर भारतले नेपालमाथि लगाएको अघोषित नाकाबन्दीको समय देखिन्छ । कथामा नाकाबन्दीको फाइदा उठाएर नेपाली किसानहरूलाई पैसो र त्यसको अनुचित फाइदा डिजेल तथा पेट्रोलको अवैध ओसारपसारमा संलग्न व्यापारी, स्थानीय बासिन्दा, प्रहरी प्रशासन आदिले उठाएको, प्रहरीसँगको उपरफटमा श्यामचरन चौधरी जस्तो किसानले असाहरूमा आफ्नो ज्यान गुमाउनु परेको घटनाको चित्रण गरिएको छ । यी र यस्ता क्रियाकलापहरू नाकाक्षेत्रमा हुनु सामान्य मानिन्छ । कथामा प्रयुक्त पात्रहरू श्यामचरन चौधरी, रामकिसन, शिवपूजन, रामाथे, धार्मकिसन यादव र छन्दराम थरई जस्ता नामले स्थानीय विशेषतालाई झल्काएको देखिन्छ । कथाका सुर्तासिंघ, गेट, क्यारियर, ग्यालिन, साइकिल, मिटर, देहात, प्रेस पत्रपत्रिका, कारिन्दा, हाकिम, बोडर, हिम्मत जस्ता शब्द तथा "मास्टरबाबु, पम्पिङसेट के पानीघाट चलाऊ !" भन्ने संवाद स्थानीय स्तरमा प्रयुक्त छन् । यसरी माथि उल्लेखित स्थानीय प्रकृति, स्थानीय पात्र, पेशा-व्यवसाय र भाषिक प्रयोगका दृष्टिले कथाकार कपिल लामिछानेको 'श्यामचरन काका' सफल देखिन्छ ।

सन्दर्भसूची

गौतम, लक्ष्मणप्रसाद (२०७७). 'समकालीन नेपाली कथामा आञ्चलिकताको प्रयोग', समसामयिक नेपाली समालोचना, काठमाडौं : शब्दार्थ प्रकाशन।

पाण्डेय, वासुदेव (सन् २०१७). 'ऐना कथासङ्ग्रहमा प्रयुक्त आञ्चलिकताको सर्वेक्षण', **प्रवास:** वर्ष १, अङ्क १, मे -अक्टोबर।

पौडेल, नागप्रसाद (२०६६). 'श्यामधरन काका कथाको विश्लेषण', जुही कविन लामिछाने विशेषाङ्क (वर्ष २९, अङ्क २, पूर्णाङ्क ६०, पुस-फागुन) पृ. २०७-२१२।

बराई, त्रिभुवन (२०६४). 'रचना विधानका आधारमा बीकमुद्ध कथासङ्ग्रहको अध्ययन', त्रि.वि. भैरहवा बहुमुखी क्याम्पसमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (अप्र.)।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६). उपन्यास सिद्धान्त र नेपाली उपन्यास, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन।

थापा, मोहन हिमांशु (२०६६). साहित्य परिचय, (पाँचौं संस्क.) ललितपुर : साझा प्रकाशन।

न्यौपाने, टङ्कप्रसाद (२०७०). साहित्यको रूपरेखा, काठमाडौं : साझा प्रकाशन।

लामिछाने, कविन (२०६४). बीकमुद्ध, काठमाडौं : परिवेश प्रकाशन।

........, ... (२०७७). 'शरीरका कथामा स्थानीय रङ' (अनलपीठ, वर्ष १७, पूर्णाङ्क २०, कार्तिक-पौष) पृ. ८-२०।

सुवेदी, छत्रप्रसाद (२०७७, असार १५). नेपाली उपन्यासमा आञ्चलिकता : परम्परा र प्रवृत्ति, समकालीन साहित्य, जेठ-साउन, पृ. १३२-१४१।

शर्मा, मोहनराज (२०६२). समकालीन समालोचना सिद्धान्त र प्रयोग, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।